# ४ डाँडामा दिनुभएको उपदेशमा ख्रीष्ट र व्यवस्था

*यस अध्यायका मूल पदहरू:* मत्ती ६:१७-२०, लूका १६:१६, मत्ती ५:२१-३२, रोमी ७:२४, मत्ती ५:३३-३७, मत्ती ५:३८-४८।

*स्मरण गर्नुपर्ने पद:* "व्यवस्था वा अगमवक्ताहरूका लेखमा लेखिएका विधिविधानलाई हटाउन म आएको भनेर तिमीहरू नसोच। त्यो कामको निम्ति म आएकै होइन। बरू तिनीहरूमा जे लेखिएको छ त्यसको पूर्ण अर्थ दिन म आएको हुँ। म तिमीहरूलाई जे भन्न खोज्दैछु, त्यो सत्य हो। व्यवस्थामा भएका साना भन्दा साना अक्षर गायब हुनुभन्दा पहिले स्वर्ग र पृथ्वी अलप हुनेछन्। जब सम्म सबै थोक पूरा हुँदैन तब सम्म व्यवस्थाको अक्षरको एक धर्का वा कण पनि मेटिँदैन।१९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्छ र पालन गर्न सिकाउँछ त्यो व्यक्ति स्वर्गको राज्यमा महान् कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा उत्तम भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।" (मत्ती ५:१७-२० न्यु इन्टरनाशनल रिभाइज्ड भर्जनबाट रूपान्तरित)।

प्रायजसो मानिसहरूले डाँडाँमा दिएको उपदेशको बारेमा सोच्दा तब केवल मत्ती ५:१-१२मा लेखिएका आशिर्वचन वा महानवाणीहरूमात्र सोच्दछन्। तर येशूले डाँडाँमा दिनुभएको उपदेश वा प्रवचन तिन अध्यायहरूमा छन्। तिनीहरूलाई चार भागमा विभाजित गरिएको छ। धन्य भनेको वा आशिषका वचनहरू केवल पहिलो भागमा मात्र समेटिएका छन्। दोस्रो भागमा येशूले इसाई विश्वासीहरूलाई ज्योति र नुनसँग दाँज्नुभएको छ (मत्ती ५:१३-१६)। तेस्रो भागमा येशूले

व्यवस्थाको बारेमा हामीलाई नयाँ र गहिरो अर्थ दिएर बुझाउन खोज्नुभएकोछ (मत्ती ५:१७-४८)। अनि चौथौं भागमा त्यो उपदेश वा प्रवचनलाई लामो गरि अन्त्य गरिएको छ (मत्ती ६:१-७:२३)। यहाँ येशूले स्पष्ट रूपमा येशूभक्तको निम्ति आचारसंहिता कोर्नुभएको पाउँछौं। अनि घर बनाउने बुद्धिमानी र मूर्ख व्यक्तिहरूको अर्तीकथा भनेर त्यो उपदेश सिध्याउनुभएको छ (मत्ती ७:२४-२७)। परमेश्वरले अऱ्हाउनुभएको वचनलाई पालन गर्नु कतिको जरुरी छ भनेर त्यस अर्तीकथाले देखाउँछ।

यस अध्यायमा हामीले डाँडाँमा दिनुभएको पूरै उपदेशहरूको बारेमा छलफल नगरी केवल तेस्रो भागमात्र हेर्नेछौं । त्यो भाग हो मत्ती ५:१७-४८। बाइबलका चिन्तकहरूले त्यस भागलाई विरोधात्मक (ANTITHESIS आन्टिथेसिस) तर्क भनेर नाम दिएको छ। दुई थोकहरू एक आपस कतिको फरक हुन्छन् भन्ने केही उदाहरणसहित प्रस्तुत गरिएका छन्। यस अध्यायमा व्यवस्थाको मामिलामा कस्ता कस्ता ठाडो भिन्नता छन् सो हामी सिक्नेछौं।

## १. "एक कण पनि मेटिनेछैन।" (मत्ती ५:१७-२०)

**यस अध्यायको सुरूमा दिएको मूल पदहरू फेरि पढ्नुहोस्। यहाँ येशूले व्यवस्थाको बारेमा कडा नीति अपनाउनुभएको देखाइएको छ। फेरि त्यसै बखत येशूले शास्त्री र फरिसीहरूको घोर आलोचना गरेर वक्तव्य दिनुहुन्छ किनभने तिनीहरूले व्यवस्थालाई अति धेरै महत्त्व स्थानमा राखेका थिए। व्यवस्थालाई हृदयदेखि सत्यतापूर्वक कसरी पालन गर्नुपर्छ भनेर यहाँ येशूले सिकाइरहनुभएको हामी पाउँछौं?**

"व्यवस्था वा अगमवक्ताका लेखहरूलाई रद्द गर्न म आएको होइन।" भन्ने कबूल गरेर यो भाग येशूले सुरू गर्नुहुन्छ (मत्ती ५:१७ रूपान्तरित)। येशूको त्यस भनाईमा सारा पूरानो नियमलाई समेटिएको छ भनेर बाइबलका विद्वानहरूले विश्वास गरेको पाइएको छ (त्यसको पुष्टि गर्न पढ्नुहोस् मत्ती ७:१२, मत्ती ११:१३, मत्ती २२:४०, लूका

१६:१६, प्रेरित १३:१५, प्रेरित २४:१४, रोमी ३:२१)। येशूका आक्रमणकारीहरूले उहाँको विरुद्धमा जे भनेतापनि उहाँको पिताको चाहनालाई वाख्या गर्ने पवित्र धर्मशास्त्रप्रति उहाँ आक्रामक हुनुभएको थिएन। बरू व्यवस्था र अगमवक्ताहरूले लेखेका कुराहरू रद्द गर्न होइन बरू पूरा गर्ने उद्देष्यले नै आफू आएको हो भनेर येशूले जोडगरि सिकाउनुभएको थियो।

अङ्ग्रेजी शब्द "FULFILL फुलफिल" वा (प्लेरो PLERO)को अर्थ "माथीसम्म भर्नु" वा "पूरा गर्नु" वा "सम्पन्न गर्नु" हो। ग्लासमा नपोखुञ्जेल माथिसम्म पानी भर्नु भन्ने अर्थ त्यसले दिन्छ। पूरा गर्नुको दुई अर्थहरू छन्। एउटा त उहाँको बारेमा गरिएको भविष्यवाणीलाई पूरा गर्नु हो (उदाहरणमा लूका २४:२५-२७, यूहन्ना ५:३९)। तर यो पद बुझाउने मूल साँचो त यो हो कि उहाँले बाइबललाई निकम्मा पार्न आउनुभएको होइन बरू पूर्ण रूपमा अनुमोदन गर्न आउनभएको हो भनेर बुझाउन खोज्नु।

प्रथमतः पवित्र धर्मशास्त्रको आधिकारिकतालाई उहाँले पूर्ण रूपमा समर्थन गर्नुहुन्छ भनेर उहाँले औंल्याउनुभएको पाउँछौं। अनि व्यवस्थाकै बारेमा उहाँले चर्चा गर्न सुरू गर्नुहुन्छ। परमेश्वरको व्यवस्था दश आज्ञाहरूसमेत रद्द गर्ने काम येशूले गर्नुभएको हो भनेर उहाँलाई दोष लगाउँदै मानिसहरूले सिकाउनेछन् भन्ने आभास उहाँले पाउनुभएको थियो भनेर हामी देख्छौं। बरू स्वर्ग र पृथ्वी टलिजानेछ व्यवस्थामा लेखिएका प्रत्येक कुरा पूरा नहोञ्जेल त्यसको निरन्तरता जारी भइरहनेछ भनेर उहाँले सचेत गराउनुभएको थियो (मत्ती ५:१८)। व्यवस्था सदासर्वदा निरन्तर रहनेछ भनेर येशूले समर्थन गर्नुभएको त्यस वक्तव्यले जनाउँछ।

व्यवस्था यस्तो महत्त्वपूर्ण छ कि जसले त्यसलाई भङ्ग गर्छ र भङ्ग गर्न सिकाउँछ त्यो मानिसको सम्मान स्वर्गमा अत्यन्त घट्नेछ भनेर येशूले भन्नुहुन्छ। साँच्चिकै भन्ने हो भने त्यस्ता मानिस स्वर्गको राज्यमा पस्न योग्यका हुँदैनन् भन्न खोजेको हामी पाउँछौं। अर्को पक्ष भन्ने हो

भने जसले व्यवस्थालाई पालन नगर्ने मानिसहरू गलत बाटोमा हिँडिरहेको देखाउँछ। धर्मका गुरू शास्त्री र फरिसी पण्डितहरूको फोस्रो धार्मिकता वा आफू पवित्र हुँ भन्ने अङकारिकतालाई येशूले समर्थन नगर्नुभएको स्पष्ट रूपमा हामी देख्दछौं। बरू हृदयदेखि इमान्दारीपूर्वक परमेश्वरलाई प्रेम गर्न र उहाँको सदिच्छालाई पालन गर्न प्रवल चाहना हुँदा मानिसमा हुने धार्मिकताको अपेक्षा येशूले गर्नुभएको थियो।

## २. येशूको दर्शनमा हत्या गर्नु के हो? (मत्ती ५:२१-२६)

आफू परमेश्वरको व्यवस्था वा विधिको शासनलाई रद्द गर्न होइन बरू पूरा गर्न आएको हुँ भनेर येशूले व्यक्त गर्नुभएको अभिव्यक्तलाई माथीको बुँदामा हेऱ्यौं। अनि धार्मिकता वा कुनै मानिस धर्मी छु भन्ने दावी गर्छ भने उसको धार्मिकता वा उचित जीवन धर्मगुरू शास्त्री र फरिसी पण्डितहरू भन्दा उत्तम नीति अपनाउनुपर्छ भनेर येशूले वाख्या गर्नुभएको पनि हामीले औंल्यायौं। व्यवस्था भन्दा दश आज्ञालाई पनि विशेष गरेर येशूले औंल्याउनुभएको भएको थियो भनेर छैठौं आज्ञा उद्‍ृध गर्नुभएकोले थाहा पाउँछौं (प्रस्थान २०:१३)। व्यवस्था भङ्ग गर्दा के सजायँ पाउँछ भनेर मोशाले नै लेखेका व्यवस्थाहरूबाट येशूले सार निकाल्नुभएको थियो (प्रस्थान २१:१२, लेबी २४:१७)।

एकले अर्कोलाई हत्या गर्ने सबै मामिलामा छैठौं आज्ञा समेटिएको छैन। दैवसंयोगले कसैको हत्या भयो भने त्यस हत्यारा शरण दिने शहरमा भाग्न सक्थ्यो। त्यहाँ उसले छानविन नहुञ्जेल छोटो समयको निम्ति सुरक्षा पाउँथ्यो (प्रस्थान २१:१३, गन्ती ३५:१२)। तर कसैले जानाजानी कसैको हत्या गरियो भने उसले तुरन्तै सजायँ पाउन्थ्यो। येशूले व्यक्त गर्नुभएको कुरामा के रोचकता छ भने उहाँले हत्याको काम आफैलाई औंल्याउन खोज्नु नभएको भएर त्यसको नियत वा कारणलाई औंल्याउनुभएको थियो। यदि कसैले कसैको हत्या गर्ने नियत छ भने त्यसले केही समय सोचेर र त्यसको उद्देष्यलाई केलाएर मात्र योजनाबद्ध रूपमा हत्या गर्न लम्किन्छ। त्यस मानिसले भयङ्कर

काम गर्नु भन्दा अघि नै उसलाई पापले काबुमा राखेको हुन्छ। अवसर नपाएकोले नै कतिपय हत्याहरू रोकिएका छन्।

**येशूको दर्शन वा सोचमा हत्या भनेको के हो? हत्या केवल कृत्यलाई मात्र जनाउँछ त? यस मामिलामा येशूले कुन् गहिऱ्याइमा जान खोज्नुभएको छ? व्यवस्थाको असली रूप के रहेछ भनेर येशूले कसरी औँल्याउन खोज्नुभएको छ? देहायका पदहरूलाई पढेर सोच्नुहोस्ः मत्ती ५:२१,२२ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, "तैंले हत्या नगर्नू", र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।" २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई "तँ मूर्ख" भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।" १ यूहन्ना ३:१५ "आफ्नो दाजुभाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ।"**

वचनमा कत्तिको शक्ति हुन्छ वा मानिसको बोलीले कस्तो प्रहार गर्न सक्छ भनेर बाइबलले बारम्बार औँल्याएको छ। तर येशूले अझ त्यो भन्दा पनि गहिऱ्याइमा जानुभएको छ। कसैले कसैमाथि कटु वचनले प्रहार गर्छ भने त्यो प्रहार गर्ने व्यक्तिको हृदयमा पहिलेदेखि नै नकारात्मक सोचाईलाई खेलाइराखेको हुन्छ। अनि नराम्रो बोलीको प्रहारको उद्देष्य अर्को मानिसको हृदयमा पनि नराम्रो वा नकारात्मक स्वभाव उमार्न खोज्न दिनु हो। येशूले स्पष्ट रूपमा औँल्याउनुभएको छ। जसले हृदयमा अपराध गर्ने सोच वा योजना बनाउँछ त्यसले त्यो अपराध गर्नुभन्दा पहिले नै अपराध गरिसकेको हुन्छ। कसैले जाना जानी कसैको हत्या गर्छ भने त्यो स्वःत हत्यारा त हुन्छ नै। तर कसैलाई कटु वचन वा चित्त दुखाउने बोली बोल्नु पनि हत्या गर्नु हो येशूले स्पष्ट गर्नुभएको छ। चर्चमा आउनुभन्दा अघि आफ्नो हृदय शुद्ध राख्नुपर्छ वा वेदीमा आउनुभन्दा पहिले कसैप्रति हत्या गर्ने जस्ता सोच विचार वा रिस पोखाउने चित्त छ भने पोखाइने मानिससँग मिलेरमात्र

आउनु भनेर येशूले सल्लाह दिनुहुन्छ (मत्ती ५:२३-२६)। (अर्थात् कसैप्रति रिसराग, ईख आदि राखेर चर्चमा आउनु बेकार हो भन्ने येशूको विद्या हो भनेर हामीले मान्नु पर्छ)।

**माथि भनिएका येशूका वचनहरूको अर्थ गहिरिएर सोच्नुहोस्। उहाँले भन्नुभएको वचनमा तपाईं कतिको सत्यरूपमा चल्नुभएको छ? ख्रीष्टको धार्मिकताले हामीलाई छोपीरहनु कत्तिको आवश्यकता रहेछ भनेर त्यस उच्च आदर्श नीतिले कसरी बताउँछ?**

## ३. परपुरूष वा परस्त्रीगमन (मत्ती ५:२७-३२)

व्यभिचार वा दुराचारी हुनु भनेको के हो भनेर अर्थ खुलाउँदै येशूले दश आज्ञाहरूमध्ये एकलाई उदृध गर्दै अर्को उदाहरण प्रस्तुत गर्नुहुन्छ। "तिमीले व्यभिचार नगर्नु" भन्ने दश आज्ञामध्ये सातौंलाई सरासर येशूले औंल्याउनुहुन्छ। वैवाहिक सम्बन्धलाई नाघेर अरूसँग शारीरिक सम्भोगमा लाग्नु नै व्यभिचारी क्रियाकलाप हो भनेर मोशाले व्यवस्थामा लेखेका छन्। पती वा पत्नीमा रहेको दाम्पत्य जीवनलाई लत्याएर दुराचारको नीतिमा चल्ने दुबै स्त्री र पुरूषलाई ढुङ्गाले हानेर मार्नुपर्छ भनेर कडा नियम मोशाको व्यवस्थामा छ। यही सन्दर्भमा सिर्फ "तिमीले व्यभिचार नगर्नु" भन्ने सातौं आज्ञालाई छैठौं जस्तै येशूले गहिरो अर्थ लगाउनु हुन्छ।

व्यभिचार गर्ने नियत परपुरूष वा परस्त्री सम्भोग गर्नुभन्दा पहिले मानिसले दिमागमा खेलाएको हुन्छ। सदाको निम्ति चोट पुऱ्याउने उद्देष्यले कसैको हत्या गर्ने निर्णय हत्याराले गरेको हुन्छ। त्यही तरिकाले मानिसको हृदयमा व्यभिचार सुरू हुन्छ जब विवाह गरेको वा नगरेको अर्को व्यक्तिसँग विवाहित गरेको व्यक्तिले शारीरिक सम्बन्ध राख्न प्रवल चाहना गर्दछ।

**अरूको सतीत्व हरण गर्ने वा अस्मितामाथि खेलवाड गर्ने नियत बोकेको स्त्री होस् वा पुरूष होस् उसले पापसँग डरलाग्दो खेलबाड गरिरहेको छ भनेर येशूले कडा शब्दमा वाख्या गर्नुभएको मत्ती**

५:२७-३०मा हेर्नुहोस् "तिमीहरूले यसो भनेको सुनेका छौ, "तैंले व्यभिचार नगर्।" २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। २९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३० तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ।" यही अङ्गहरूको सन्दर्भमा पावलले रोमी ७:२२-२४मा यसरी उल्लेख गरिएको छ "म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, २३ तर मेरा अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछु, र मेरा अङ्गहरूमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ। २४ हाय, म कस्तो दुःखी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला? २५ येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै परमेश्वरलाई धन्यवाद होस्। त्यसैले म स्वयम् आफ्नो मनले त परमेश्वरका व्यवस्थाको सेवा गर्दछु, तर मेरो पापमय स्वभावद्वारा चाहिँ म पापका व्यवस्थाको सेवा गर्दछु।" ती पदहरूमा के आत्मज्ञानको सत्यता लुकिएको छ?

मानिसहरूको अगाडि भण्डाफोर हुने पापको सुरुवात कसरी रोक्ने भनेर येशूले त्यसको तुरन्तै उपचार गर्नुहुन्छ। मगजमा पापलाई खेलाउँदै त्यसमा अग्रसर नहुनु नै पापको खिलाफमा उत्तम हो। मानिसको मगजमा अनेक किसिमका सोच विचारहरू आउँदछन्, त्यसलाई तुरन्तै रोक्न नसकिएला तर उसले आत्मआलोचना वा आफ्नो आत्माको चिरफार गर्नु पर्दछ। यदि कोही परमेश्वरको राज्यको उपभोग गर्न चाहन्छ वा पस्न चाहन्छ भने आफूमा उम्रेको पापलाई कसरी पन्छाउन सक्नुपर्छ भनेर येशूले उपमा वा कडा शब्दचित्रद्वारा प्रस्तुत गर्नुभएको थियो। त्यसको अर्थ आफूले अति मनपर्ने मित्रतालाई

कामबासनामा नझारी अर्कै बाटो अपनाउनु हो। अर्थात् कोही परमेश्वरको राज्यमा येशूसँग रहन चाहना गर्छ भने कतिपय समयमा गहिरो मित्रता पनि तोड्नुपर्ने हुन्छ। क्षणिक कामबासना भन्दा अनन्त जीवनको मूल्य सर्वोच्च हुन्छ।

मोशाले पारपाचुके गर्न अनुमती दिएका थिए भनेर हामीले अगाडि हेर्‍यौं। पारपाचुके परमेश्वरको पहिलो योजना थिएन भनेर पनि हामीले औंल्यायौं। त्यसैकारण लालयती आँखाले स्त्रीले पुरूषलाई र पुरूषले स्त्रीलाई नहेर्न येशूले चेतावनी दिनुहुन्छ। मानिसले अरूलाई नियन्त्रण गर्न आत्तुरी हुन्छ तर पहिले आफूले आफूलाई नियन्त्रण गर्नु जायज हुन्छ भनेर येशूले भन्नुहुन्छ। वैवाहिक जीवनसङ्ग येशूले आपत्ती जनाउनु भएको छैन, यथार्थमा अदनको बगैंचामा आदम र हव्वाको बीचमा प्रथम् विवाह उहाँले नै सम्पन्न गर्नुभएको थियो। तर वैवाहिक जीवनमा सदाचार र शुद्ध आचारण अपनाउन उहाँले जोड गर्नुहुन्छ। श्रीमान र श्रीमतीको बीचमा दोस्रो व्यक्ति नल्याई एक आपसमा बफादार हुनु पर्ने नीति दिएर येशूले सबैको स्वस्थ हित चिताउनु हुन्छ।

**"आफ्नो चाहनालाई वसमा राखेर उचित समर्पित जीवन बिताउनु भनेको आफ्नो निकम्मा आँखा वा हातलाई भाँच्नु जस्तै हो भनेर येशूले औंल्याउनुभएको छ। परमेश्वरको सदिच्छामा आफूलाई समर्पण गर्नु भनेकै कतिपय समयमा आफूलाई अपाङ्ग बनाएर लानु जस्तै हो। तर घाइते वा अपाङ्ग भएर अनन्त जीवन पाउनु बलियो शरीर छ भनेर देखाउनुभन्दा उत्तम छ किनभने आफू सबै थोकमा राम्रै छु भनेर नराम्रो आचरणलाई पनि राम्रो ठानेर हिंड्दा त्यसले अनन्त जीवन गुमाउन सक्दछ। अनन्त जीवनको ढोकामा पस्न नसक्नु जस्तो दुर्भाग्य अरू के होला?"-**एलेन जी ह्वाइट, *थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्ग,* पृ. ६१बाट रूपान्तरित।

## ४. सापटी आश्वासन....कबूलै कबूल गर्ने मानिसको नियत (मत्ती ५:३३-३७)

हत्या र व्यभिचारको बारेमा येशूले गर्नुभएको गहकिलो वाख्या दस आज्ञाहरूमै आधारित थियो। पारपाचुके र अर्को विषयवस्तुको गहिरो वाख्या मोशाको अरू व्यवस्था वा नीतिहरूका भागहरूबाट येशूले लिनु भएको थियो। त्यही सन्दर्भमा अर्को विषयवस्तु पनि छ जुन् दश आज्ञाबाटै नै हो नभनेतापनि मोशाले दिएको व्यवस्था वा नीतिमा छ। त्यो हो, *आफू सत्य हो भनेर प्रमाणित गर्न झुठो किरिया खानु र परमेश्वरलाई नै सापटी आश्वासन वा झुठो भाकलहरू गर्नु।*

कुन् विशेष विषयवस्तुलाई लेवी १९:११-१३मा औंल्याइएको छ? हेर्नुहोस् **"तिमीहरूले चोरी नगर्नू ,छल नगर्नू, एक-अर्कासित झूट नबोल्नू। १२ तिमीहरूले मेरो नाउँमा झूटा शपथ नखानू। त्यसो गर्नाले तिमीहरूले आफ्ना परमेश्वरको नाउँ अपवित्र पार्नेछौ। म परमप्रभु हुँ। १३ तिमीहरूले आफ्नो छिमेकीलाई थिचोमिचो नगर्नू, र त्यसलाई नलुट्नू। ज्यालामा काम गर्नेको पैसा एक रात पनि तिमीहरूसँग नरहोस्।" उपरोक्त नीति प्रस्थान २०:७मा उल्लेख गरेको दश आज्ञाभित्र कसरी पर्दो रहेछ हेर्नुहोस् "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहराउनुहुनेछैन।"**

मोशाले दिएका व्यवस्थाबाट येशूले उदृध गर्नुहुन्छ। धेरै बेइमान क्रियाकलापहरूको सूची बनाएर त्यसको घोर निन्दा गरेकोमा सापटी आश्वासन र झुठो किरिया खानु गर्नु पनि परेका छन्। यहाँ पनि नराम्रो गर्ने नियतप्रति येशूले चासो देखाउनुभएको स्पष्ट छ। कबूल पूरा नगर्ने उद्देष्यले बिना योजना कबूल गरेर अरूको मन जित्न खोज्ने मानिसले पहिलेबाट नै मानिसिक रूपमा पाप गरेको ठहर्छ।

प्रथमतः झुठो शपथ खाएर अरूलाई कबूल गर्नु आपत्ति जनक छ भनेर बाइबलले देखाउँदछ। तर परमेश्वरको सामु उहाँलाई प्रतिज्ञा

गर्नु वा उहाँप्रति बफादार भएर के के न के गर्छु भनेर भाकल वा कबूलहरू गर्नु पनि परमेश्वरको निषेधाज्ञामापर्दछ।

मत्ती ५:३३-३७मा उदृध गर्नुभएको वक्तव्य व्यवस्था २३:२१-२३सँग कसरी मिल्दछ हेर्नुहोस् "फेरि तिमीहरूले सुनेका छौ, कि प्राचीन समयका मानिसहरूलाई भनिएको थियो, "तैंले झूटो शपथ नखा, तर परमप्रभुको निम्ति गरिएको शपथ तैंले पूरा गर्।" ३४ तर म तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ। स्वर्गको नाउँमा शपथ नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, ३५ न त पृथ्वीको, किनकि त्यो उहाँको पाउदान हो, न त यरूशलेमको, किनकि त्यो महाराजाको सहर हो। ३६ आफ्नो शिरको शपथ नखाऊ, किनकि तिमीले एउटा केशलाई सेतो कि कालो बनाउन सक्दैनौ। ३७ तिमीहरूले भनेको वचनचाहिँ "हो" भने "हो, " "होइन" भने "होइन"मात्र होस्। यीभन्दा बढ़ीचाहिँ दुष्टताबाट आउँदछ।" र व्यवस्था २३:२१-२३ "तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति कुनै भाकल गरेपछि त्यो पूरा गर्न ढिलो नगर, किनभने उहाँले त्यो पूरा भएको हेर्न चाहनुहुन्छ। नत्रता तिमीहरूलाई पाप लाग्नेछ। २२ तर भाकलै गरेका छैनौ भने तिमीहरूलाई पाप लाग्नेछैन। २३ जे कुरा तिमीहरूको मुखबाट निस्कन्छ त्यो तिमीहरूले पूरा गर्नैपर्छ, किनकि परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले त्यो स्वेच्छापूर्वक आफ्नै मुखले भाकल गरेको हो।" यसलाई प्रेरित ५:१-११ले यसरी पुष्टि गर्दछ "तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए। ३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर

परमेश्वरलाई नै ढाँटेका छौ।" ५ यो कुरा सुनेर हननिया भूइँमा लड़े र तिनले प्राण त्यागे। यो सुन्नेहरू सबैमाथि ठूलो डर छायो। ६ तब जवानहरूले उठेर तिनलाई लुगाले बेह्रे र बाहिर बोकी लगे, र गाडिदिए। ७ जे भइसकेको थियो सो थाहा नपाई प्रायः तीन घण्टापछि तिनकी पत्नी पनि भित्र आई। ८ पत्रुसले त्यसलाई सोधे, "मलाई भन, तिमीहरूले जमिन त्यत्तिमै बेचेका हौ? अनि त्यसले भनी, "ज्यू, त्यत्तिमै।" ९ तर पत्रुसले त्यसलाई भने, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन् र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्।" १० अनि तुरुन्तै त्यो उनका पाउनेर लड़ी र प्राण त्याग गरी। जब जवानहरू भित्र आए, त्यसलाई मरिसकेकी देखेर बाहिर बोकेर लगे, र त्यसको पतिको नजिकमा गाडिदिए। ११ सारा मण्डलीमाथि र यी कुरा सुन्ने सबैमाथि ठूलो डर छायो।"

किरिया खाने मानिस दोषी ठहर्न सक्छ। तर परमेश्वरको नाउँमा आफ्नो आयआर्जनबाट केही दिन्छु भनेर उहाँलाई भाकल गर्ने व्यक्तिले उहाँलाई सधैं ठग्न खोजेको नहुन सक्छ। तर मानिसको स्वभावलाई येशू जान्नु हुन्छ त्यसकारण भाकल गर्ने मामिलामा चनाखो हुनु भनेर उहाँले सतर्क गराउनुहुन्छ, किनभने भाकल गरेको कुरा पूरा पार्न सकेन भने त्यस मानिसले पछि खेद प्रकट गर्न सक्छ। येशूले चाहनुहुन्न कि कसैले "बेकारमा मैल भाकल गरेको" भन्नुपरोस। उदाहरणमा हाननिया र सफिराको कथालाई लिन सकिन्छ। आफूसँग भएको सबै थोक बेचेर परमेश्वरलाई दिन्छु भनेर त्यस दम्पतीले परमेश्वरलाई भाकल गरेको थियो। त्यो भाकल पूरा गर्ने तिनीहरूले अठोट त गरेको थियो। तर आफ्नो श्रीसम्पत्ति बेच्दा आएको पैसा धेरै देखेपछि तिनीहरूको मन बदलियो। जसको फलस्वरूप तिनीहरूले तुरन्तै परमेश्वरबाट सजायँ भोग्नु पऱ्यो। पापलाई परमेश्वरले कसरी लिनुहुन्छ भन्ने यो प्रभावकारी ज्वलन्त उदाहरण हो। आफूले गरेको भाकल पूरा गर्न मानिस सक्षम् नहुन सक्छ। त्यसकारण प्रत्येक

येशूभक्तले आफ्नो कुरोलाई "हो" कि "होइन" भनेर आफ्नो इमान्दारिता देखाउनुपर्दछ।

**परमेश्वर वा मानिसलाई तपाईंले गर्नुभएको भाकलको बारेमा सोच्नु होस्। तर त्यसलाई पूरा गर्न नसकेको बारेमा पनि सोच्नुहोस्। यस समस्याप्रति तपाईं कसरी चनाखो हुनुपर्दछ? आफूले आफैंको निम्ति गरेको कबूल पालन गर्न नसकेको अवस्थालाई पनि सोच्नुहोस्।**

## ५. लेक्स टालियोनिज (lex talionis) प्रतिशोधको भावना (मत्ती ५:३८-४८)

बदला लिने वा प्रतिशोधको भावनाले ग्रष्त हुनु भनेको के हो भन्ने विषय वस्तुलाई मत्ती ५:३८-४९मा वाख्या गरिएको जस्तो देखिन्छ। यो विषयप्रति कोही पनि अनजान छैन। कसैले केही अपराध गरेको छ भन्ने त्यस अपराधसरह सजायँ पाउनुपर्छ भन्ने नीतिमा धेरैजसो मोशाको व्यवस्था आधारित भएको देखिन्छ। त्यस धारणालाई लेक्स टालियोनिज (lex talionis) अर्थात् प्रतिशोधको भावना भनिन्छ। यो ल्याटिन अर्थात् इटाली शब्द हो। यसको पूरा अर्थचाहिँ जवाफी कार्वाही अर्थात् प्रतिशोधको नीति अपनाउनु हो।

जसले मानिसप्रति दुर्व्यवहार गरेर उसलाई अङ्गभङ्ग गर्दछ त्यसले अङ्गभङ्ग भएको व्यक्ति सरह सजायँ पाएर दुःख पाउनुपर्छ भन्ने विधिको शासन पुरानो करारमा पाइएको छ। उदाहरणमा प्रस्थान २१:२२-२५, लेवी २४:१७-२१, व्यवस्था १९:२१ आदि हुन्। यदि कसैले कसैको आँखा निकाली दियो, हात, खुट्टा भाँचिदियो वा हत्या गरियो भने त्यस अपराधी व्यक्तिले आहत वा दुःख पाएको व्यक्तिसरह सजायँ पाउनु पर्छ भनेर ती व्यवस्थामा उल्लेख गरिएको छ। "बदला लिने नीति" विगतका धेरैजसो राष्ट्रहरूमा प्रचलित थियो। यथार्थमा त्यसले के न्यायको सरल अवधारणालाई देखाउँदैन र?

तर बदला लिने नीति पनि केही हदमा सीमित छ भनेर थाहा पाउनु अत्यन्त जरुरी छ। त्यो नीतिको अर्थ यो हुनुपर्छ कि कसैले

कसैलाई गलत व्यवहार गरियो वा चित्त दुखायो भने आत्मसंयम अपनाएर उसलाई हानी नपुऱ्याउनु हो। न्यायलाई नबाङ्गियोस भनेर निश्चय पार्न बाइबलमा त्यस्ता नियमहरू तर्जुमा गरेका हुन्।

मत्ती ५:३८-४२ पढेर सोच्नुहोस्। यसमा येशूले भन्नुभएको छ "तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, "आँखाको बदला आँखा, र दाँतको बदला दाँत।" ३९ तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ। ४० यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। ४१ यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ। ४२ तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर।"

अपराधलाई सजायँ दिनुहुन्न भनेर विधिको शासनप्रति येशूले आक्रामक नीति लिनुभएको यहाँ देखाएको छैन। तर कसैले कसैप्रति फाइदा उठाउन खोज्यो बा दुःख दिन खोज्यो भने त्यसको बदलामा येशूनीति कस्तो छ भनेर इसाईहरूलाई केन्द्रित गराउन खोजिएको छ। जसले मलाई जसरी दुर्व्यवहार गऱ्यो त्यसलाई पनि त्यही दुर्व्यवहार गर्छु भन्ने लोकप्रिय नीति नअपनाई बरू दया र करूणा देखाएर बदला लिनु भनेर येशूले भन्न खोज्नु भएको हो। यथार्थमा मानिय नाताले यो नीति अपनाउन त्यत्ति सजिलो छैन। तर यदि पावलले भनेको "मलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा सबै थोक गर्न सक्छु" (फिलिपी ४:१३) भन्ने नीतिमा चलियो भने परमेश्वरको अनुग्रहले हामीमा काम गर्न सक्दछ। अनि प्रतिशोधको भावनालाई थान्को लगाउने मामिलामा हामीहरूकै हृदयमा परमेश्वरले काम गरेर देखाउनुहुन्छ। येशूलाई विश्वास गर्छु वा उहाँको अनुयायी हुँ भनेर दावी गर्नेले कस्तो नीति अपनाउनु पर्छ भनेर देखाउन उहाँको नीतिको गहिऱ्याइमा उहाँले हामीलाई पुऱ्याउन खोज्नु भएको यहाँ हामीले पाउँछौं।

लोकमा चलेको भन्दा अर्को फरक नीति येशूले देखाउनु भएकोचाहिँ हामीहरूको मनस्थिति वा प्रवृत्ति कस्तो हुनुपर्छ हो। लोकाचार अनुसार राम्रो गर्नेलाई राम्रो गर्नु नराम्रो गर्नेलाई नराम्रो गर्नु वा माया गर्ने मित्रहरूलाई माया गर्नु र माया नगर्ने शत्रुहरूलाई घृणा गर्नु हो। लेवी १९:१८मा पनि छिमेकीलाई माया गर्नु भनेर आदेश दिएको छ। तर यहाँ शत्रुलाई घृणा गर्नु भन्ने स्पष्ट आदेश दिएको छैन। त्यो आदेश व्यवस्था २३:३-६मा पनि छैन।

येशू रहनुभएको मध्यपूर्व एशियामा पाश्चात्य देश रोमले शासन गरेको थियो। सारा यहूदीहरू रोमी शक्तिको कब्जामा थियो। आफ्नै देश इस्राएलमा तिनीहरू दोस्रो दर्जाका नागरिकहरू हुन पुगेका थिए। ती रोमी शासकहरू निष्ठुर थिए। त्यसकारण ती शत्रु शासकहरूलाई घृणा गर्नु, वैमनश्यता राख्नु वा विद्रोहको भावना जगाइ राख्नु मनाशिव हो भनेर यहूदीहरूको धारणाभएको हुनसक्छ। भयङ्कर र निष्ठुर परिस्थितिमा पनि त्यसलाई सहारात्मकरूपमा  सामाना गरेर अर्थपूर्ण उत्तम जीवन कसरी बिताउनु पर्छ भनेर येशूले तिनीहरूलाई देखाउन खोज्नु भएको थियो।

**येशूले वर्तमान परिप्रेक्ष्यमा पनि हामीलाई के भनिरहनुभएको छ मत्ती ५:४३४८ मा पढ्नुहोस् "तिमीहरूले यसो भनेको सुनेका छौ, "तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।" ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र? ४७ तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गऱ्यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र? ४८ यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि**

**त्यस्तै सिद्ध हुनुपर्दछ।" येशूलाई विश्वास गर्ने र नगर्नेहरूको बीचमा कस्तो धर्को यहाँ तानिरहेको छ? कसैले तपाईंप्रति नराम्रो गर्छ वा सोच्दछ भने येशूको आदर्शमा तपाईंको नीतिलाई कसरी ढाल्ने?**

## उपसंहार

**थप जानकारीको निम्ति एलेन जी ह्वाइटद्वारा लिखित *द डिजाएर अभ एजेजको* पृ. २९८-३१४को "द सेरमन अन द माउन्ट" पढ्नुहोस्।**

"दश आज्ञाहरूलाई येशूले फरक ढङ्गमा भिन्नाभिन्नै गरेर वाख्या गर्नुहुन्छ। ती आज्ञाहरूका आवश्यकताहरूको गहिरो वाख्या येशूले गर्नुहुन्छ। ती आज्ञाहरूको एक सानो धर्कोलाई पनि नहटाएर त्यसको गहिऱ्याईमा येशू जानुहुन्छ। यहूदीहरूको वाह्यरूपमा वा देखावटी रूपमा धर्मी छु वा परमेश्वरको वचनलाई पालन गरेको छु भन्ने गलत मनोभावनालाई येशूले उदाङ्ग पार्नुहुन्छ। दुष्ट मन वा कामवास्नाले कसैलाई हेर्दछ भने त्यसले परमेश्वरको आज्ञालाई भङ्ग गरेको ठहर्छ भनेर येशूले खुलारूपमा घोषणा गर्नुहुन्छ। अलिकतिमात्र कसैले गल्ती गऱ्यो वा नराम्रो प्रवृत्तिमा कोही हिँड्छ भने त्यसले परमेश्वरको गरिमामय आज्ञालाई तोडेको हुन्छ र नैतिक रूपमा आफूलाई तल्लो स्तरमा झार्दछ। कसैलाई मार्ने चाहना पहिले मानिसको दिमागबाट सुरू हुन्छ। प्रतिशोध वा घृणालाई मानिसले आफ्नो हृदयमा फस्टाउन दिन्छ भने त्यसले आफ्नो पाइतालालाई हत्या गर्ने बाटोमा लम्काएको हुन्छ। उसले दिएका सबै भेटी वा दान दक्षिणा परमेश्वरलाई वाक्क पार्दछ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ३१०बाट रूपान्तरित।

प्रेमले नै परमेश्वरको व्यवस्थालाई एकत्रीत राखेर क्रियाशील बनाउँछ। परमेश्वरको व्यवस्था वा नीतिहरूलाई व्याख्या गर्ने क्रममा प्रेमको नीतिलाई येशूले माथि उचाल्नुभएको छ। प्रेमले नै आफ्ना दाजुभाई दिदीबहिनीहरूलाई घृणा गर्नबाट रोक लगाउँछ। श्रीमान श्रीमती बीच सम्बन्ध मजबूत पारिराख्ने काम प्रेमको हो। परमेश्वर र

अरूसँग कारोबार गर्न इमान्दारीको आवश्यकता छ भनेर इसाईहरूलाई प्रेमले न  चुनौती दिन्छ। आफू गलत व्यवहार खप्नु परेतापनि दया देखाएर जवाफ देऊ भनेर प्रेमले नै सिकाउँछ। शत्रुले पनि आफूलाई कस्तो व्यवहार गरेको अपेक्षा गर्छ भनेर उदाङ्ग पार्न प्रेमले नै गर्दछ र प्रेमले नै शत्रुलाई पनि मित्रवत व्यवहार गर्न बल दिन्छ।

## चिन्तनमनन

अ. "तिमीहरूले सुनेका थियौ कि प्राचिन समयमा यसो भनिएको थियो भनेर येशूले भन्नुभएको कुरालाई यस अध्यायमा अध्ययन गर्‍यौं। तर "म तिमीहरूलाई भन्छु।" भनेर येशूले थप्नुभएको करालाई पनि हामीले हेर्‍यौं। प्राचिन समयमा भनेर उदृध गरेका प्रायजसो उद्धरणहरू पुरानो बाइबल अर्थात् पुरानो कराररले सिकाएका विद्याहरू थिए। त्यसकारण समस्या त पद वा नीति आफैमा होइन तर त्यसलाई कसरी वाख्या गरिएको छ त्यसमा भर पर्दछ। कुनै कुराहरू झट्ट मुल्याङ्कन गर्दा त्यसको गहिरो अर्थलाई वेवास्ता गर्दा हुने खतरप्रति चनाखो कसरी रहने?

आ. बाइबलका अरू पदहरूलाई नहेरी केवल एउटै पदलाई मात्र लिएर त्यो सत्य हो भनेर पकडी राख्ने धरापमा धेरै जसो पर्दछन्। ती मध्ये मत्ती ५:४८ पनि हो जहाँ स्वर्गमा हुने परमेश्वर जस्तै हामी सिद्ध हुनुपर्छ भनेर हामीलाई भनिएको छ। मत्ती ५:४३-४८मा गरेको वाख्या अनुसार बाइबलको वचन बुझ्न बाइबल नै ध्यानपूर्वक पढ्नु जरुरी छ भनेर हामीलाई कसरी सिकाउँछ? ती पदहरूले हामीमा पाप हुनुहुन्दै भनेर सिकाइरहेको छ भनेर कसैले भनेमा हामीले कसरी जवाफ दिने? ती पदहरूले हामीलाई के सिकाइरहेका

छन्? येशूको अनुयायी हुनु भनेको के हो भनेर ती पदहरूले सिकाएको सत्य कुरालाई कसरी वाख्या गर्ने?

इ. येशूको क्रुसमा मृत्युभएपछि दश आज्ञाको औचित्य समाप्त भयो भनेर कतिपय इसाईहरूले नै सिकाउँछन्। हत्या र व्यभिचारको मामिलालाई लिएर येशूले दिनुभएको नीतिले त्यस्तो दावी गर्नु गलत छ भनेर कसरी हामीले बुझाउने?